नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# भरतपुर अस्पताल, चितवन
## दरभाउपत्र सम्बन्धि सूचना
## (दोश्रो पटक प्रकाशित मिति २०७७।०४।२२)

यस अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरुलाई कोरोना संक्रमण निदान एवं सोबाट संक्रमित विरामीहरुको उपचारका क्रममा क्वारेटाईन/ होटलमा राख्नु पर्ने भै उक्त कार्य दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क.मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त होटल ,लज एवं सो सग सम्बन्धी सम्बन्धित संघ संस्था तथा ब्यवसायीहरुले रितपुर्वकको दरभाउपत्र तपशिलको शर्तहरु पालना हुने गरी यस अस्पतालको Website-www.bharatpurhospital.gov.np को eProcurement System मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. आ.व. २०७६/०७७ का लागि नविकरण भएको इजाजतपत्र, मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्र,आ.व.०७५।०७६ को करचुक्ता को प्रमाणपत्र तथा अन्य सो कार्यको लागि आवश्यक कागजपत्र पेश गर्नु पर्ने छ ।

२. दरभाउपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको दस्तुर रकम, उल्लेखित मिति र समयमा यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तीखाता नं.१३१०००००९६७०१ मा जम्मा गरेको वैक भौचर पेश गर्नु पर्ने छ ।

३. दरभाउपत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेखित रकम रा.वा. वैंक भरतपुर शाखामा कार्यालयको नाम-को.ले.नि.का.चितवन, खाता नं.- ख ३ धरौटी १३१००१०२०३००००, जम्मा गर्न पठाउने कार्यालयको नाम-भरतपुर अस्पताल,चितवन, जम्मा गर्न पठाउने कार्यालयको कोड नं.- ३७०००३१०२ सहितको विवरण भरी रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ९० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालको Website-www.bharatpurhospital.gov.np को eProcurement System मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

५. Upload भएका दरभाउपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ ।

६. दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । मु. अ. कर बाहेक थप दस्तुर लाग्ने नलाग्ने स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यतादिइने छ ।

७. उपलब्ध गराउनु पर्ने खाध्य पदार्थ गुणस्तरयुक्त , आबासका लागि एट्याच बाथरुम भएका कोठाहरु स्वच्छ एवं सफा, पर्याप्त पर्किङ्ग ,शान्त वातावरण युक्त, कम्पाउण्डिङ्ग गरिएको सुरक्षीत, पानी तथा विजुलीको प्रयाप्त सुविधा भएको र दुरीका हिसावले अस्पतालबाट आउनजान सहज हुने हुनपर्नेछ ।

८. एउटा कोठामा बढीमा दुई जना भन्दा बढी राख्न पाईने छैन ।

९. दररेट पेश गर्दा प्रति ब्यक्ति प्रति दिनका दरले होटल बास र खाजा, खाना गरी एकमुष्ट प्रति दिनका दरले पेश गर्नु पर्दछ ।

१०. प्रतिदिन प्रतिब्यक्ति विहान खाजा, खाना , दिउसो खाजा र बेलुका खानाको ब्यबस्था मिलाउनु पर्दछ ।

११. चामल जिरा मसिना वा उच्च गुणस्तर र हरियो तरकारी मौसम अनुसारको हुनुपर्दछ ।

१२. प्रति हप्ता तीन छाक मासु (माछामासु) उपलब्ध गराउनु पर्दछ ।

१३. कुनै दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्णअधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ ।

Medical Superintendent

१४. निरिक्षण एव परिक्षण गर्दा तोकिए अनुसारको गुणस्तर वमोजिमका नभए सम्झौता रद्द गरिनेछ ।
१५. शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नामवाट पेश गर्न पाईने छैन ।
१६. दरभाउपत्रदाताले खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाभिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ । त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।
१७. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।
१८. थप जानकारीको लागि यस अस्पतालको लेखा शाखामा सर्म्पक राख्न सकिनेछ ।

तपशिल

| सि. नं. | ठे.नं. | विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५०, ०७६।०७७ | क्वारेन्टाईनको ब्यबस्था (खाना, खाजा र बासको ब्यबस्था गर्नुपर्ने) | ४४,०००। | १०००। | १५ औं दिनको ४।०० वजे | १६ औं दिनको १२।०० वजे | १६ औं दिनको १।०० वजे | पुन-प्रकाशति |

Medical Superintendent

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल, भरतपुर चितवन

आ.व. २०७७/२०७८ मा क्वारेन्टाईन/होटल बास एवं खान र बस्नको लागि (ठे.नं. ५०, ०७६।०७७) दरभाउपत्र फाराम

| सि.नं. | विवरण | प्रति ब्यक्ति प्रति दिनको दर अंकमा रु. | प्रति ब्यक्ति प्रति दिनको दर अक्षरमा रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कोरोना संक्रमण निदान एवं सोबाट संक्रमित विरामीहरुको उपचारका क्रममा अस्पतालबाट खटिएका चिकित्सक, स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरुलाई क्वारेटाईन/**होटलमा बास तथा खानाको ब्यबस्था गर्ने कार्य** | | | दररेट पेश गर्दा प्रति दिन प्रति ब्यक्तिलाई लाग्ने होटल बास, खाना, खाजा सबै वापतको रकम एकमुष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। |
| | कुल जम्मा (मु.अ.क.वाहेक) | | | |
| | थप शुल्क (लाग्ने भए ) | | | |
| | मु.अ .कर | | | |
| | कुल जम्मा रकम | | | |
| | दरभाउ पेश गर्ने फर्मको नाम, ठेगाना र छाप | | | |

Medical Superintendent